जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९,
स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३५ अंक १४६ २०८२ साल पुस २४ गते बिहीबार (8 Jan 2026 Thursday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

**Log in :** *rajbirajdainik.com.np*

*यस अंक भित्र :* २ पृष्ठमा : कानुन मिचेर ... ३ पृष्ठमा : सामाजिक सद्भाव कायम ... ३ पृष्ठमा : ग्रिनल्यान्ड अधिग्रहण विवाद ...

## क्यान्सर पीडित छोराका लागि यादव दम्पत्तीद्वारा सहयोगको याचना

**दैनिक समाचारदाता**
**राजविराज, २३ पुस ।**

सप्तरीको छिन्नमस्ता गाउँपालिका ४ निवासी भरत यादव र श्यामा देवी दम्पत्तीले आफ्ना १७ वर्षिय छोरा गंगा यादवको जिवन रक्षाका लागि अस्पतालको शैयाबाट सहयोगको याचना गरेका छन् ।

क्यान्सर रोगले थला परी उपचाररत १७ वर्षिय गंगा चितवनको भरतपुरस्थित क्यान्सर अस्पतालमा उपचारका लागि भर्ना छन् । उनको जिवन रक्षाका लागि अस्पतालको शैयाबाट यादव दम्पत्तिले आर्थिक सहयोगको याचना गरेका हुन ।

भरत यादव र श्यामा देवी दम्पत्तीका एक मात्र छोरा गंगा मस्तिष्क र खुट्टाको क्यान्सरको उपचारका लागी विगत एक महिनादेखी उक्त अस्पतालमा भर्ना छन । किसान परिवारका गंगाको यस अघि भारतको दिल्लीस्थित राजीव गान्धी अस्पतालमा उपचार गरीएको बुवा भरतले बताए । तर त्यहाँ निको नभएपछी थप उपचारका लागी भरतपुर स्थित क्यान्सर



अस्पताल ल्याइएको उनको भनाई छ ।

दिल्लीमा उपचार गराउँदा नेपाली ९ लाख रुपैया खर्च भएको र त्यसका लागि परिवार चलाउन एकमात्र आयश्रोतको रुपमा रहेको ३ कट्ठा खेतीयोग्य जग्गा बेच्नु परेको उनले सुनाए । उपचार खर्च बढ्दै गएपछी अहिले समस्यामा परेको उनले पीडा पोखे ।

क्यान्सर उपचारको क्रममा अहिले छोराको "किमो" उपचार पद्धती चलिरहेको भन्दै उनले अहिले औषधी, अस्पताल शूल्क र हेरचारका लागी बसेका हामीलाई खान, वस्न समेत रकमको अभाव भएको जानकारी दिए ।

आफ्नो छोरालाई बचाईदिन आग्रह गर्दै यादव दम्पत्तीले समेत आर्थिक सहयोगका लागी सबैसँग याचना गरेका छन । उनीहरुले सहयोगका लागी मोबाईल नम्बर ९७०२०३२२०१ मा पनि सम्पर्क गर्न सबैमा आग्रह गरेका छन ।

## राष्ट्रियसभा सदस्यका लागि कांग्रेस र एमालेबाट गठबन्धन गरेर उम्मेदवारी दर्ता

**दैनिक समाचारदाता**
**जनकपुर, २३ पुस ।**

मधेशमा चारजना राष्ट्रिय सभा सदस्यकाले लागि हुने निर्वाचनको लागि नेपाली कांग्रेस र नेकपा एमालेबाट गठबन्धन गरेर उम्मेदवारी दर्ता गरिएको छ ।

नेपाली कांग्रेसबाट अल्पसंख्यकतर्फ सप्तरीका रन्जित कर्णको उम्मेदवारी दर्ता भएको छ भने दलिततर्फ रौतहटका धर्मेन्द्र पासवानको उम्मेदवारी परेको छ ।

यस्तै महिलातर्फ महोत्तरीकी एमालेकी रेखा झाले उम्मेदवारी दर्ता गराएकी छन् । जनकपुरस्थित निर्वाचन कार्यालयमा उनीहरूले मनोनयन दर्ता गराए ।

यस्तै खुल्लाबाट सो गठबन्धनबाट जसपाको समर्थनमा लोसपाका अध्यक्ष महन्थ ठाकुरले उम्मेदवारी दर्ता गारएका हुन् । एमाले र कांग्रेसले सो पदमा भने उम्मेदवारी दर्ता गराएका

*बाँकी तीन पृष्ठमा*

## अस्पतालमा पुनः एचडियु र एनआईसियु सेवा संचालन



**दैनिक समाचारदाता**
**राजविराज, २३ पुस ।**

राजविराजस्थित गजेन्द्र नारायण सिंह अस्पतालमा लामो समयदेखि बन्द रहेका एचडीयु र एनआईसीयु सेवा बुधवारदेखि सञ्चालनमा आएको छ ।

अस्पतालका सम्पूर्ण चिकित्सक, नर्सिङ्ग कर्मचारी, पारामेडिक्स तथा अन्य कर्मचारीहरूको सक्रिय सहयोग, समन्वय र प्रतिबद्धताका साथ सफलतापूर्वक उक्त सेवाहरु सञ्चालनमा ल्याइएको मेडिकल सुपरिन्टेन्डेन्ट अवधेश कुमार मिश्रले जानकारी दिएका छन् ।

नवजात शिशु तथा गम्भीर अवस्थाका बिरामीहरूको उपचारमा महत्वपूर्ण मानिने एचडीयु र एनआईसीयु सेवा पुनः सञ्चालनमा आएपछि अस्पतालमा उपचारका लागि आउने सेवाग्राहीहरुलाई ठूलो राहत पुग्ने उनले विश्वास व्यक्त गरे ।

अस्पताल प्रशासनले जनशक्ती, उपकरण तथा उचित व्यवस्थापन हुन नसक्दा अस्तव्यस्त र आलोचना खेप्दै आएको थियो । आवश्यक जनशक्तीको अभावमा अस्पतालको एचडियु सेवा विगत एक वर्ष देखी बन्द

*बाँकी तीन पृष्ठमा*

## लोसपा अध्यक्ष ठाकुरद्वारा राष्ट्रियसभा सदस्यका लागि मनोनयन दर्ता

**दैनिक समाचारदाता**
**जनकपुर, २३ पुस ।**

राष्ट्रियसभा सदस्य पदका लागि लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)का राष्ट्रिय अध्यक्ष महन्थ ठाकुरले मनोनयन दर्ता गराएका छन् । उनले बुधवार जनकपुरधामस्थित मधेस प्रदेशको राष्ट्रियसभा निर्वाचन अधिकृतको कार्यालयमा पुगेर मनोनयन दर्ता गराएका हुन् ।

अध्यक्ष ठाकुरको प्रस्तावकमा सोही पार्टीका प्रदेश सदस्य जयनुल राइन र प्रस्तावकमा प्रदेशकी शिक्षामन्त्री रानी शर्मा तिवारी रहेका निर्वाचन कार्यालयका निर्वाचन अधिकृत सुभासबाबु पुरीले जानकारी दिए ।

ठाकुरको उम्मेदवारी पछि सोही पार्टीका नेता शरतसिंह भण्डारीले नेपाल कम्युनिष्ट पार्टी (एमाले) र नेपाली कांग्रेससँग सहमति गरी सोही आधारमा उम्मेदवारी दिइएको जानकारी दिए । मधेस प्रदेशमा राष्ट्रियसभा सदस्यको चार वटा रिक्त पदका लागि उम्मेदवारी दर्ता भइरहेको निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ• ।

## राष्ट्रिय सभा सदस्यका लागि जसपाबाट तीनजनाको उम्मेदवारी दर्ता

**दैनिक समाचारदाता**
**जनकपुर, २३ पुस ।**

मधेशमा जसपा नेपालबाट राष्ट्रिय सभा सदस्यका लागि तीनजनाको उम्मेदवारी दर्ता भएको छ ।

जसपाबाट अल्पसंख्यकतर्फ शैलेश चौधरी, महिलातर्फ चन्दा साह र दलिततर्फ चमेली देवी दासको उम्मेदवारी दर्ता भएको हो ।

अन्यबाट भने लोसपाका अध्यक्ष महन्थ ठाकुरले उम्मेदवारी दर्ता गराएका हुन् । महन्थलाई जसपा नेपाल, नेपाली काँग्रेस र नेकपा एमालेको पनि समर्थन रहेको छ ।

अन्य पदमा जसपा नेपालले छुट्टै उम्मेदवारी दर्ता गराएको हो । केही समय अघि जसपा नेपाल र लोसपा बीच पार्टी एकीकरणको निर्णय नै भएको थियो । जनकपुर निर्वाचन कार्यालय पुगेर उनीहरुले उम्मेदवारी दर्ता गराएका हुन् । जसपाबाट उम्मेदवारी दिने चौधरी सप्तरी, साह सिरहा र दास धनुषाकी हुन् ।

**आगो, हीटर र गिजरको प्रयोग गर्दा सावधानी अपनाऔं।**

- आगो तथा हीटर नजिकबाट नतापौं।
- कागज, कपडा जस्ता छिटो जल्ने सामाग्री आगो वा हीटरको नजिक नराखौं।
- कोठामा आगो, हीटर बाल्दा हावा ओहोरदोहोर हुने व्यवस्था मिलाऔं।
- आगो तथा हीटर बन्द गरेर मात्र सुतौं।
- बाथरुममा गिजरको प्रयोग गर्दा भेन्टिलेसन खुला राखौं।
- बालबालिका, बृद्ध वा बिरामीलाई आगो वा हीटर नजिक एक्लै नछोडौं।
- घर तथा कार्यालयमा अग्नि नियन्त्रक उपकरण राखौं।
- आगो, हीटर र बिजुलीको काम सकिनासाथ बन्द गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# कानुन मिचेर रकमान्तर

हेमन्त जोशी
काठमाडौं, २३ पुस (रासस) ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३२ मा पहिलो त्रैमासिक अवधि समाप्त नभएसम्म रकमान्तर गर्न नपाइने व्यवस्था छ । तर उक्त नियमावली विपरीत सरकारले गत असोज मसान्तसम्ममा करिब रू. २९ करोड रकमान्तर गरिसकेको छ ।

अर्थ मन्त्रालयले उपलब्ध गराएको विवरणअनुसार यो अवधिसम्ममा विषयगत मन्त्रालयहरुले रू. १६ करोड १५ लाख ४२ हजार बराबर आन्तरिक रकमान्तर गरेका छन् भने अर्थ मन्त्रालयले अर्थ विविध शीर्षकबाट रू.१२ करोड ८४ लाख ५० हजार बराबर रकम विभिन्न मन्त्रालय र निकायलाई रकमान्तर गरेको देखिन्छ । यसरी चालु आर्थिक वर्षको पहिलो त्रैमासमा रू. २८ करोड ९९ लाख ९० हजार बराबर कानुन विपरीत रकमान्तर भएको हो । यसमा स्रोतान्तर र थप निकासा शीर्षकको रकम समावेश छैन ।

गत भदौमा गृह मन्त्रालय र उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले कानुन विपरीत आन्तरिक रकमान्तर गरेका छन् भने असोजमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले नियमावलीको व्यवस्था विपरीत रकमान्तर गरेको देखिन्छ । त्यस्तै, अर्थ विविध शीर्षकबाट भदौमा अर्थ मन्त्रालयका लागि एक पटक र असोज महिनामा गृह मन्त्रालयका लागि चार पटकसम्म रकमान्तर भएको छ ।

अर्थ मन्त्रालयका प्रवक्ता टङ्कप्रसाद पाण्डेयले यो रकम अनिवार्य दायित्व सृजना भएको अवस्थामा भुक्तानीका लागि प्रयोग भएको बताउनुभयो । "विनियोजन ऐनमा त्रुटि भएर कुनै योजना तथा कार्यक्रमलाई बजेट नपरेको वा कम भएको, अदालतको आदेशबाट सरकारलाई दायित्व सृजना भएको र मन्त्रिपरिषद्बाट आर्थिक सहयोगका लागि उपलब्ध निर्णय भए बमोजिम त्यसको भुक्तानीका लागि यो रकम दिइएको हो । यसलाई कानुन विपरीत रकमान्तर भएको मिल्दैन", प्रवक्ता पाण्डेयले भन्नुभयो ।

अर्थ मन्त्रालयको विवरणअनुसार चालु आर्थिक वर्षको बजेटमा अवण्डा शीर्षकमा राखिएको अर्थात् अर्थ विविध शीर्षकबाट गृह मन्त्रालयलाई असोज ९ गते रू सात करोड ६५ लाख, असोज २१ गते रू तीन करोड आठ लाख र असोज २२ गते रू ३० लाख रकमान्तर भएको छ । मन्त्रालयहरुले आन्तरिक रुपमा गरेको र अर्थ मन्त्रालयले स्वीकृति दिएको रकमान्तरको अवस्था हेर्दा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले गत असोजमा रू.१३ करोड ७६ लाख २३ हजार बराबर रकमान्तर गरेको छ । भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालयले रू दुई करोड १७ लाख ८३ हजार र भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले रू. २१ लाख ३६ हजार बराबर रकम असोजमा रकमान्तर गरेको छ ।

अर्थ मन्त्रालयबाट प्राप्त विवरणअनुसार चालु आर्थिक वर्षको सुरुवाती पाँच महिना अर्थात् मङ्सिर मसान्तसम्ममा करिब रू. आठ अर्ब बराबर रकमान्तर भएको छ । जसमध्ये विभिन्न मन्त्रालयहरुले रू. छ अर्ब ८७ करोड ७५ लाख ७२ हजार बराबर आन्तरिक रकमान्तर गरेका छन् भने अर्थ मन्त्रालयले अर्थ विविध शीर्षकबाट रू. ९३ करोड ५० लाख ५२ हजार रकमान्तर गरेको छ ।

त्यसो त अर्थ मन्त्रालयले गत साउन १ गते सबै मन्त्रालय र निकायहरुलाई बजेट कार्यान्वयन मार्गदर्शन पठाउँदा पनि पहिलो त्रैमासिक अवधिमा रकमान्तर नगर्नु भनेर परिपत्र गरेको थियो । बजेट कार्यान्वयन मार्गदर्शनको बुँदा नम्बर ५५ मा कुन-कुन अवस्थामा रकमान्तर गर्न हुँदैन भनेर खुलाइएको छ । सुरु विनियोजन नभएको खर्च संकेतमा, नयाँ क्रियाकलापमा, आर्थिक वर्षको प्रथम त्रैमासिक अवधिमा र असार महिनामा रकमान्तर नगर्नु भनेर अर्थ मन्त्रालयले परिपत्र गरेको देखिन्छ । यसरी नियमावली र बजेट कार्यान्वयन मार्गदर्शन विपरीत हुनेगरी अर्थ मन्त्रालय आफैबाट समेत रकमान्तर हुनु आर्थिक अनुशासनको उल्लङ्घन मात्र नभई कानुनको अटेरी हुन जाने जानकारहरुको बुझाइ छ ।

अर्थविद् डा डिल्लीराज खनाल पहिलो त्रैमासमा रकमान्तर गरिनु विद्यमान कानुनको बर्खिलाप रहेको बताउनुहुन्छ । कानुनको उल्लङ्घन हुँदासमेत कसैलाई जिम्मेवार बनाउन नसकिएको उहाँको भनाइ छ । "आफैँले बनाएको कानुन हामी आफैँ परिपालना गरिरहेका छैनौँ । उल्लङ्घन गर्दा कोही जिम्मेवार हुन नपर्ने अवस्था छ", उहाँले राससँग भन्नुभयो, "बजेट प्रणालीमा भद्रगोल र अराजकता छ । हाम्रो वित्तीय र समग्र प्रणाली असफल हुने भनेको यस्तै बेथिति बढ्दै गएर हो ।"

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन र नियमावली विपरीत मन्त्रालयहरुबाट रकमान्तर गर्ने गरेको यो पहिलोपटक भने होइन । अघिल्ला वर्षहरुमा विभिन्न मन्त्रालयले आर्थिक वर्ष सुरु भए लगत्तै रकमान्तर, स्रोतान्तर र थप निकासा गर्ने गरेको देखिन्छ । तुलनात्मक रुपमा हेर्ने हो भने यसवर्ष भएको कानुन विपरीतको रकमान्तर अघिल्ला वर्षहरुको भन्दा कम हो ।

अर्थ मन्त्रालयका अनुसार गत आर्थिक वर्ष २०८१/८२ को पहिलो तीन महिनामा रू. दुई अर्ब ५१ करोड ७४ लाख ६७ हजार बराबर रकमान्तर भएको थियो । जसमध्ये उखु किसानले पाउने अनुदान र दुग्ध किसानले रकम भुक्तानीका लागि कृषि तथा पशुपन्छी विकास मन्त्रालयलाई मात्र रू. दुई अर्ब ३६ करोड रकमान्तर भएको थियो ।

यसरी कानुन विपरीत रकमान्तर भएको विषयलाई महालेखापरीक्षकको कार्यालयले हरेक वर्ष आफ्नो प्रतिवेदनमा उल्लेख गर्ने गरेको छ । महालेखापरीक्षकको बासट्ठिऔँ वार्षिक प्रतिवेदन, २०८२ ले पहिलो त्रैमास र वर्षान्तमा रकमान्तर गर्ने, शून्य बजेट विनियोजन भएका आयोजना तथा कार्यक्रममा रकमान्तर गर्ने, राष्ट्रिय गौरवका आयोजनामा छुट्याइएको बजेटसमेत रकमान्तर गर्ने जस्ता कानुन विपरीतका काम रोकिनुपर्ने उल्लेख गरेको छ ।

महालेखापरीक्षकको प्रतिवेदनअनुसार अघिल्लो आर्थिक वर्ष २०८०/८१ को पहिलो त्रैमासिक अवधिमा मात्र रु ११ अर्ब ६४ करोड सात लाख अर्थात् कूल वार्षिक रकमान्तरको चार दशमलव ५४ प्रतिशत रकमान्तर भएको थियो । यो वर्षको रकमान्तरमध्ये २०८१ असार महिनामा रू. २६ अर्ब ९० करोड ३४ लाख र २०८१ असार महिनाको अन्तिम हप्तामा मात्र रू.१५ अर्ब ९८ करोड ३० लाख रकमान्तर गरिएको थियो । त्यस्तै, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावलीमा बजेट विनियोजन नभएको खर्च शीर्षकमा रकमान्तर गर्न नपाइने व्यवस्था रहेकोमा शून्य बजेट विनियोजन भएका २३ वटा कार्यक्रमका लागि रू.११ अर्ब ७५ करोड ९८ लाख रकमान्तर भएको महालेखापरीक्षकको ६२ औँ प्रतिवेदनमा उल्लेख छ । राष्ट्रिय गौरवका आयोजनामा विनियोजित बजेट अन्य आयोजनामा रकमान्तर गर्न पाइँदैन । तर आर्थिक वर्ष २०८०/८१ मा आठ वटा राष्ट्रिय गौरवका आयोजनामा विनियोजित रु पाँच अर्ब २८ करोड ५० लाख अन्य आयोजनामा रकमान्तर गरिएको थियो ।

त्यस्तै, आर्थिक वर्ष २०७९/८० को कूल वार्षिक बजेट रू.१७ खर्ब ९३ अर्ब ८३ करोड ७३ लाखमध्ये रू. ९५ अर्ब २९ करोड ७४ लाख अर्थात् वार्षिक विनियोजनको पाँच दशमलव ३१ प्रतिशत रकमान्तर भएको छ । सोमध्ये २०८० असारमा मात्र रू. २३ अर्ब १० करोड ६५ लाख र असारको अन्तिम हप्तामा मात्र रू.१३ अर्ब ८१ करोड ९९ लाख रकमान्तर गरी विभिन्न शीर्षक/उपशीर्षकमा थप घट गरिएको थियो । सो आर्थिक वर्षको पहिलो त्रैमासमा मात्र रू. ३३ अर्ब

***बाँकी तीन पृष्ठमा***

## साउनयता नौ गैँडाको मृत्यु

चितवन, २३ पुस (रासस) ।

चितवन राष्ट्रिय निकुञ्ज र आसपासका क्षेत्रमा साउनयता नौ वटा गैँडा मरेका छन् । निकुञ्ज क्षेत्र र मध्यवर्ती सामुदायिक वन क्षेत्र एवं आसपासमा ती गैँडा मरेका हुन् ।

चितवन राष्ट्रिय निकुञ्जका सूचना अधिकारी अविनास थापा मगरका अनुसार साउनयता पाँच वटा भाले र तीन वटा पोथी गैँडा मरेका हुन् । एउटाको लिङ्ग पहिचान हुन नसकेको उहाँले जानकारी दिनुभयो । मरेका गैँडामध्ये एउटा विद्युतीय करेन्ट लागेर हो भने अन्य सबै प्राकृतिक कारणले मरेका उहाँको भनाइ छ ।

पछिल्लो पटक पुस २२ गते एउटा भाले गैँडा मरेको जनाउँदै मगरले कुमरोज मध्यवर्ती सामुदायिक वनमा अन्दाजी ३५ वर्षको भाले गैँडा मृत भेटिएको बताउनुभयो । "यो गैँडा जुधेर मरेको अनुमान गरिएको छ । गैँडाको खाग, खुर सुरक्षित अवस्थामा थियो", उहाँले भन्नुभयो ।

हरेक वर्ष गैँडा विभिन्न कारणले मर्ने गरेकामा प्राकृतिक रूपमा, विद्युतीय करेन्ट लागेर तथा एकापसमा जुधेर, दलदलमा फसेरलगायत प्रमुख कारणले मर्ने गरेका निकुञ्जका सूचना अधिकारी मगरले जानकारी दिनुभयो । उहाँका अनुसार यस निकुञ्जमा पछिल्लो गणनाअनुसार ६९४ वटा गैँडा रहेका छन् ।

यसैबीच, नारायणगढ-माडी-ठोरी हुलाकी सडकखण्डअन्तर्गत चितवन राष्ट्रिय निकुञ्जको सडकमा टायल बिछ्याउने काम सुरु गरिएको छ । माडीतर्फबाट ३४ मिटर सडकमा परीक्षणस्वरुप टायल बिछ्याउन थालिएको हो ।

माडी नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत जगतप्रसाद भुसालका अनुसार निकुञ्ज क्षेत्रमा टायल बिछ्याउँदा प्रभावकारिता कतिको हुन्छ भन्ने परीक्षणस्वरुप काम सुरु गरिएको हो । नगरपालिकाको रु १० लाख लागतमा सडकमा टायल बिछ्याउने काम भइरहेको उहाँले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "सुरुआतमा परीक्षणस्वरुप कम क्षेत्रमा काम गर्न लागिएको हो । यो काम सफल भएमा पुनः अन्य क्षेत्रमा विस्तार गरिनेछ ।"

चितवन राष्ट्रिय निकुञ्जका सूचना अधिकारी मगरका अनुसार वन तथा वातावरण मन्त्रालयमा सहमति भएर विभाग हुँदै पत्र आएपछि टायल बिछ्याउने काम सुरु गर्न अनुमति दिइएको हो । उहाँले भन्नुभयो, "सुरुमा ३४ मिटर परीक्षणस्वरुप काम गर्न दिइएको छ ।" यो परीक्षण सफल भएमा निकुञ्जको सडकमा पर्ने देउरालीसम्म नगरपालिकाको बजेटबाट टायल राख्ने काम गर्ने भन्ने सहमति भएको उहाँले जानकारी दिनुभयो ।

माडी नगरपालिकाका उपप्रमुख खेमप्रसाद महतोले निकुञ्जभित्रको सडकमध्ये अहिले ३४ मिटरमामा टायल बिछ्याइने र अन्य सडकलाई स्तरोन्नति गरिने बताउनुभयो । उहाँले भन्नुभयो, "सुरुआती समयमा परीक्षणस्वरुप थोरै क्षेत्रमा टायल बिछ्याउन लागिएको छ भने अन्य सडकलाई स्तरोन्नति गर्न सुरु गरिएको छ ।" अहिले टायल लगाउनका लागि आवश्यक संरचना निर्माण सुरु गरिएको उहाँले बताउनुभयो ।

माडीका बासिन्दाले सो सडक कालोपत्र गर्न सरकारलाई दबाब दिँदै आएका छन् । विश्व सम्पदा सूचीमा सूचीकृत निकुञ्जभित्र कालोपत्र गर्न अनुमति लिनुपर्ने भएपछि विकल्पका रूपमा टायल बिछ्याउने सहमतिअनुसार काम अघि बढाउन लागिएको नगरपालिका कार्यालयले जनाएको छ ।


डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569



नेपाल सरकार
भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
भूमिसुधार तथा मालपोत कार्यालय राजबिराज,
सप्तरी

पत्र. ०८२/०८३
च.नं. ४०००

भूमिसुधार तथा मालपोत कार्यालय, राजबिराज, सप्तरीबाट जारी भएको छुट जग्गा दर्ता सहित नामसारी सम्बन्धमा हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

मिति :- २०८२/०९/२२

जिल्ला सप्तरी नर्घो गा.वि.स. वडा नं. ८ हाल परिवर्तित राजगढ गाउँब्लक वडा नं. ३ बस्ने रुपी यादवको छोरा लक्ष्मी यादवले २०१६ सालको नापी प्रगना जगदर मौजे नर्घो रैती अनुपलाल यादवको नाममा साविक कित्ता नं. ११ ज.वि. ०-१३-१५ दर्ता रही ७ नं. फाँटवारी अनुपलाल यादवको नाममा कायम रही २०२८ सालको सर्वे नापीको बखत उक्त जग्गा गा.वि.स. नर्घो वडा नं. ९क कित्ता नं. ३५१ ज.वि. ०-१५-१५ नाप नक्सा कायम भई सो साविक कि.नं. ३५१ सप्तरी जिल्ला अदालतमा मिलापत्र बमोजिम रुपी यादवको छोराहरु मध्ये सुवीलाल यादव र लक्ष्मी यादवको अंशभागमा परी सुविलाल यादवले आफ्नो अंशभागको छुट दर्ता नामसारी गराई जग्गा धनि पुर्जा समेत प्राप्त गरे बाँकी निज लक्ष्मी यादवको अंशभागको बाँकी कि.नं. ३५१/९२६ ज.वि. ०-९-२ जग्गा छुट दर्ता नामसारी गरी पाउँ भनि द.नं. ८७८५ मिति २०८०/०९/०३ गतेको यस कार्यालयमा निवेदन दिएको हुँदा निज निवेदकको माग दावी बमोजिम निजको नाममा एकलौटी छुट जग्गा दर्ता नामसारी गरी जग्गाधनि प्रमाण पुर्जा दिन नमिल्ने वा सो जग्गा सरकारी, सार्वजनिक, पर्ति, ऐलानी, गुठी लगायत अन्य साँध सँधियारहरुको जग्गा घुसी-घुसाई वा जग्गा मिचि नाँप-जाँच भएको भए वा कोही कसैले तपसिलका जग्गाहरुको हकमा दर्ता नामसारीको प्रकृयामा यो सूचना गर्नु पूर्व मिसिल भिडाई दर्ता प्रकृयामा रहे/भएको भए वा कुनै पनि अड्डा अदालतमा बिचाराधिन अवस्थामा रहे/भएको भए वा कसैको जग्गामा हकभोगको स्वामित्वमा असुर पर्न जाने भए यो हकवादी सम्बन्धी ३५ दिने सूचना टाँस प्रकाशन भएको मितिले बाटोको म्याद बाहेक ३५ (पैंतिस) दिन भित्र लेखिए बमोजिमको जग्गाको स-प्रमाण सहित यस कार्यालयमा उजुर/दावी गर्न आउनुहोला, तोकिएको म्याद भित्र कोही कसैको उजुर/दावी पर्न नआए निवेदकको माग दावीलाई कानून बमोजिम स्वीकार गरी छुट जग्गा दर्ता नामसारी भई जाने र यस विषयमा पछि कोही कसैको उजुर दावी नलाग्ने व्यहोरा समेत यसै सार्वजनिक सूचनाद्धारा अवगत गाईन्छ ।

| २०१६ सालको साबिक कि.नं. | ज.ध.को बुवाको नाम | ज.ध.को बाजेको नाम | जिल्ला | गा.वि.स. | वाड नं. | कि.नं. | क्षेत्रफल | फिल्डबुकको कैफियत महलमा उल्लेख भएको |
|---|---|---|---|---|---|---|---|---|
| ११ ज.बि. ०-१३-१५ | | | सप्तरी | नर्घो | ९क | ३५१/९२६ | ०-९-२ | |

# सामाजिक सद्भाव कायम राख्न गृहद्वारा ७७ वटै जिप्रकालाई 'सर्कुलर' जारी

काठमाडौं, २३ पुस (रासस)।

गृह मन्त्रालयले तराई तथा मधेसका केही जिल्लाहरूमा धार्मिक तथा सामाजिक सद्भाव खलबलाउने गरी भएका केही घटनाका सम्बन्धमा जिल्ला तहमा धार्मिक सहिष्णुता कायम राख्न भएका पहलकदमीसहितको प्रगतिलाई समेटेर पठाउन ७७ वटै जिल्ला प्रशासन कार्यालयहरूलाई दश बुँदे निर्देशनात्मक सर्कुलर जारी गरेको छ।

मंगलबार गृह मन्त्रालयकी उपसचिव तथा सूचना अधिकारी रमा आचार्य सुवेदीद्वारा जारी निर्देशनमा सबै प्रमुख जिल्ला अधिकारीहरूलाई कानुनले निषेध गरेका त्यसका गैरकानुनी क्रियाकलापमा लाग्ने जो कोहीलाई अविलम्ब कानुनी दायरामा ल्याई कारबाही प्रक्रिया सुरु गर्न निर्देशन दिएको छ।

यस्तै, बुँदा नम्बर २ मा धार्मिक, सामाजिक, एवं सांस्कृतिक सद्भाव र सहिष्णुता प्रवर्द्धन गर्न सरोकारवालासहितको समन्वय बैठक गर्न निर्देशन भएको छ। यसका लागि जिल्लास्थित राजनीतिक दलका प्रमुखहरू, सामाजिक, सांस्कृतिक एवं धार्मिक क्षेत्रका अगुवाहरूलाई सद्भावका लागि सार्वजनिक आह्वान गर्ने निर्देशन भएको छ।

सबै पक्षहरूको सहभागितामा सद्भाव ल्याली आयोजना गरी त्यस्ता घटनाहरू बढ्न नदिने र सीमा क्षेत्रमा हुने आवागमनलाई कडाइका साथ चेक जाँचको व्यवस्था मिलाउन पनि गृहको सर्कुलरमा भनिएको छ।

स्थानीयस्तरमा समेत विभिन्न सञ्चारमाध्यमबाट स्थानीय भाषामा सामाजिक सद्भाव बढ्ने खालका कार्यक्रम सञ्चालन गर्न र प्रदेश तथा स्थानीयस्तरमा समन्वयात्मक र प्रवर्द्धनात्मक कार्यक्रमहरू सञ्चालनमा जोड दिन निर्देशन गरिएको छ।

यस्तै, बुँदा नम्बर ७ मा, प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा सात सदस्यीय जिल्ला शान्ति तथा सामाजिक सद्भाव समिति गठन गरी क्रियाशील गर्ने गराउने बारे निर्देशन गरिएको छ। समितिमा जिल्ला सुरक्षा समितिका पदाधिकारीहरू सदस्य, जिल्लास्थित राजनीतिक दलका अध्यक्ष वा प्रतिनिधि सदस्य, नेपाल उद्योग वाणिज्य महासङ्घका जिल्ला अध्यक्ष सदस्य, पत्रकार महासङ्घका जिल्ला अध्यक्ष सदस्य, नेपाल बार एसोसिएसनका जिल्ला अध्यक्ष सदस्य, जिल्ला समन्वय समितिका प्रमुखले तोकेको प्रतिनिधि र सामाजिक, सांस्कृतिक एवं धार्मिक क्षेत्रका अगुवा सदस्य रहने समिति गठन गरिएको छ।

यस्तै विगतका वर्षहरूमा घटनाहरूको अभिलेखको आधारमा विवाद हुनसक्ने सम्भावित कार्यक्रम वा पर्वहरूको सूची तयार गरी वार्षिक क्यालेन्डर तयार गर्ने गरीसमेत काम गर्न निर्देशन गरिएको छ।

# स्वास्थ्य परीक्षण शिविरबाट १० जना महिलामा पाठेघरको क्यान्सरको पहिचान

सिरहा, २३ पुस (रासस)।

यहाँको लहान नगरपालिकाअन्तर्गत ग्रामीण भेगमा गरिएको स्वास्थ्य परीक्षणका क्रममा १० जना महिलामा पाठेघरको क्यान्सर सङ्क्रमण देखिएको छ। नगरपालिकाको स्वास्थ्य शाखाले सोमबार वडा नं २० र २१ मा आयोजना गरेको 'प्रजनन स्वास्थ्य रुग्णता एकीकृत स्क्रिनिङ तथा व्यवस्थापन' शिविरमा १४० जना महिलाको स्वास्थ्य जाँच गर्दा यो तथ्य बाहिर आएको हो।

विशेषगरी ३० वर्षभन्दा माथिका महिलालाई लक्षित गरी गरिएको भिआइए परीक्षणका क्रममा आठ जनामा क्यान्सरको सुरुवाती चरण र दुई जनामा ढिलो गरी पत्ता लागेको स्वास्थ्य शाखाले जनाएको छ।

शिविरमा १० जना महिलालाई पाठेघरको क्यान्सर भएको पुष्टि गर्दै स्वास्थ्य शाखा प्रमुख बिन्देश्वर चौधरीले भन्नुभयो, "३० वर्षमाथि उमेरका महिलाहरूको भिआइए परीक्षण गर्दा आठ जनामा पहिलो चरणको र दुई जनामा तेस्रो चरणमा पुगिसकेको पोजिटिभ फेला परेको हो।

तेस्रो चरणमा पुगेका दुवै जना महिलालाई थप उपचारका लागि भरतपुर क्यान्सर अस्पताल पठाउने र पहिलो चरणमा रहेका आठ जनाको उपचार स्थानीय तहमै गरिनेछ।"

यसअघि गत जेठ महिनामा वडा नं १५ र १७ मा सञ्चालन गरिएको शिविरमा पाँच जना महिलामा पहिलो चरणको क्यान्सर फेला परेको थियो, जो समयमै उपचारपछि निको भइसकेको स्वास्थ्य शाखाले जनाएको छ। पाठेघरको मुखको क्यान्सर समयमै पत्ता लागेमा ज्यान जोगाउन सहज हुने भएकाले नगरपालिकाले यसलाई प्राथमिकतामा राखेको छ।

नगरप्रमुख महेशप्रसाद चौधरीका अनुसार हालसम्म चार वटा वडामा गरिएको परीक्षणमा १५ जना बिरामी फेला परिसकेका छन्। यसको संवेदनशीलतालाई मध्यनजर गर्दै लहान नगरपालिकाका बाँकी २० वटै वडामा आगामी दिनमा स्क्रिनिङ शिविर सञ्चालन गर्न थप बजेट विनियोजन गरिने उहाँले प्रतिबद्धता जनाउनुभयो।

### कानुन मिचेर ...

१५ करोड १९ लाख अर्थात् कूल रकमान्तरको ३४ दशमलव ७९ प्रतिशत रकमान्तर भएको छ। यस्तो कार्य गर्दा कानुनको परिपालना गरिनुपर्ने महालेखापरीक्षकको ६१ औँ प्रतिवेदनमा उल्लेख छ।

विनियोजन ऐन, २०७९ को दफा ३ (३) मा रकमान्तर गर्दा जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एकभन्दा बढी अनुदान सङ्ख्याबाट अर्को एक वा एकभन्दा बढी अनुदान सङ्ख्यामा रकमान्तर गर्न सकिने व्यवस्था रहेको छ। सो कानुनी व्यवस्थाको प्रतिकूल हुने गरीसमेत रकमान्तर भएको महालेखापरीक्षकको प्रतिवेदनमा उल्लेख छ।

### राष्ट्रियसभा सदस्यका...

छैनन्।

अल्पसंख्यकमा उम्मेदवारी दर्ता गराउने कर्ण नेविसंघका पूर्वकेन्द्रीय सभापति हुन्। दलिततर्फका पासवना भने दलित संघका केन्द्रीय सदस्य हुन्। उनले यसअघि कुनै अवसर पाएका थिएनन्।

यस्तै महिलातर्फ उम्मेदवारी दिने एमालेकी झा २०७४ र २०७९ मा प्रतिनिधि सभामा समानुपातिक सांसद रहेकी थिइन्। उनी एमाले प्रदेशक किमिटी सदस्य हुन्।

### अस्पतालमा पुनः ..

थियो। यस्तै सर्ट सर्किट तथा अन्य उपकरण र मेडिकल अफिसरको अभावमा विगत तीन महिना देखी बन्द रहेको एनआइसियु सेवा पनि बुधवार देखी नै पुनः सुचारु गरिएको छ।

यता १०/१२ दिन भित्रै अस्पतालबाट पहिलो पटक डेन्टलको ओपिजी र सिडिसिटी सेवा पनि सुरू गर्ने गरी तयारी अघि बढेको अस्पताल प्रशासनले जानकारी दिएका छ।


नेपाल सरकार
भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
**भूमिसुधार तथा मालपोत कार्यालय ससरी**
**राजविराज**

मितिः २०८२/०९/२१

**विषय : ३५ दिने हकदाबी सम्बन्धि सार्वजनिक सूचना।**

रैती नं. १९९ वर्तनिया तेलिनको नाममा दर्ता रहेको साविक प्रगन्ना मझौंया मौजे बेल्ही चपेनाको हाल तपसिल बमोजिम नापी भएको जग्गा हक भोग बमोजिम छुट जग्गा दर्ता गरि जग्गाधनी प्रमाण-पुर्जा पाउँ भनि जिल्ला ससरी साविक गा.वि.स. बेल्ही चपेना वडा नं. ७ हाल परिवर्तित राजगढ गा.पा. वडा नं. ४ वस्ने जमेदार साहको छोराहरु बमभोली साह-१ अमर कुमार साह-१ राम नारायण साह-१ वालगोविन्द साह-१ वालकृष्ण साह-१ रामचन्द्र साह-१ प्रभु नारायण साह-१ हिरालाल साहको छोरा राम प्रसाद साह-१ हिरालाल साहको बुहारी हरि नारायण साहको पत्नी रिता देवी साह -१ हिरा लाल साहको नाति वालेश्वर साहको छोरा कमल देव साह-१ र हिरा लाल साहको नाति वालेश्वर साहको छोरा राज नारायण साह-१ समेत जना- ११ को यस कार्यालयमा द.नं. १४१३१ मिति २०८२/०९/१७ गतेमा निवेदन परि हकदाबी सम्बन्धि सार्वजनिक सूचना प्रकाशित गर्न मिति २०८२/०९/२१ मा आदेश भए बमोजिम यो ३५ दिने हकदाबी सम्बन्धि सार्वजनिक सूचना प्रकाशित गरिएको छ। तपसिलमा उल्लेखित जग्गामा निवेदकहरु बाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकहरुको नाममा छुट जग्गा दर्ता गर्दा कसैको हक जाने छ वा सरकारी सार्वजनिक सम्पतिको नोक्सानी हुने भए ठोस सबुत प्रमाण सहित सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्रमा सप्रमाण यस कार्यालयमा उजुरी गर्न आउनु होला। म्याद भित्र कसैको हकदावी उजुरी पर्न नआएमा निवेदकको माँग दावी बमोजिम छुट जग्गा दर्ता नामसारी गर्न तर्फ कानुन बमोजिम कार्यवाही भै जानेछ। यस सम्बन्धमा पछि कुनै पनि उजुरी दावी नलाग्ने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ।

तपसिल

| सा.कि.नं. | गा.वि.स. | वार्ड.नं. | हाल कि.नं. | जग्गा क्षेत्रफल | साविक दर्तावाला | कैफियत |
|---|---|---|---|---|---|---|
| १५३३,१५३४,१५३५ र १५३६ | बेल्ही चपेना | ७क | ३१२ (पोखरी डिल) | ०-१०-० | बर्तनिया तेलीन | फिल्डबुक को जग्गाधनी महल, किसान महल र कैफियत महल खालि रहेको र श्री स.जि.अ. को च.नं. ११२९७ मिति २०७५/०२/३१ र च.नं. २३२१ मिति २०७५/०५/२६ गतेको दा.खा. पुर्जी भएको।निज बर्तनिया तेलिनको हक खाने दुई जना छोराहरु जेठा हिरालाल साह र कान्छा जमेदार साह बीच अंश वाडफाट हुँदा कि.नं. ३१२ को ज.वि. ०-१०-० मध्ये आधा महार पुर्व तर्फ वाट ०-५-० हिरालाल साहको हक खाने हकदार हामी निवेदक ४ जना राम प्रसाद साह, कमल देव साह, राज नारायण साह र ~~राज नारायण~~ रिता देवी साह को हकभोग मा रहेको र आधा महार पश्चिम तर्फ वाट ०-५-० तथा कि.नं. ३१३ को ज.वि. ०-१०-८ पानि झाव (पोखरी) ससिम जमेदार साहको हक खाने हकदार हामी निवेदकहरु वालगोविन्द साह, बमभोली साह, वालकृष्ण साह, रामचन्द्र साह, अमर कुमार साह, राम नारायण साह, प्रभु नारायण साह समेतको हक भोगमा रहेको भनि मांग निवेदन रहेको। |
| २४६ | बेल्ही चपेना | ७क | ३१३ (पोखरी) | ०-१०-८ | | |


# विश्व समाचार

## ग्रिनल्यान्ड अधिग्रहण विवाद चर्कियो

वासिङ्टन, २३ पुस (रासस/एएफपी)।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले खनिज-धनी, स्वशासित आर्कटिक टापु ग्रिनल्यान्डलाई आफ्नो नियन्त्रणमा ल्याउने विषयमा सैन्य विकल्पसमेत विचार गरिरहनुभएको ह्वाइट हाउसले मङ्गलबार पुष्टि गरेको छ। यस घोषणाले डेनमार्क, नाटो सदस्य राष्ट्रहरू र अमेरिका भित्र राजनीतिक क्षेत्रमा विवाद उत्पन्न गरेको छ। ह्वाइट हाउसकी प्रेस सचिव क्यारोलिन लेभिटले ग्रिनल्यान्ड अधिग्रहणलाई अमेरिकी राष्ट्रिय सुरक्षाको प्राथमिकता भएको बताउँदै राष्ट्रपति र उहाँको टोलीले यसका लागि सबै विकल्पबारे छलफल गरिरहेको र आवश्यक परे अमेरिकी सेनाको प्रयोग राष्ट्रपतिको अधिकारभित्र पर्ने स्पष्ट पार्नुभएको छ। उहाँका अनुसार, रुस र चीनजस्ता विरोधी शक्तिहरूले आर्कटिकमा प्रभाव बढाउन सक्ने भएकाले अमेरिकी योजना रणनीतिक रूपमा महत्त्वपूर्ण छ।

वाल स्ट्रिट जर्नलका अनुसार, ट्रम्पको प्राथमिक विचार भने डेनमार्कबाट ग्रिनल्यान्ड खरीद गर्नु हो, जसले तत्काल सैन्य आक्रमणको सङ्केत नदिने जनाएको छ। यद्यपि डेनमार्कले टापुमा बलपूर्वक कब्जा गर्ने कुनै पनि कदमले नाटो गठबन्धनको सुरक्षा संरचना र दशकौँदेखिको ट्रान्साटलान्टिक सम्बन्धलाई गम्भीर खतरा पुऱ्याउने चेतावनी दिएको छ। नाटोको धारा ५ ले सदस्य राष्ट्रमाथि आक्रमण भएमा समग्र सुरक्षा सुनिश्चित गर्ने वाचा गरेको हुँदा ग्रिनल्यान्डमाथि सैन्य कारवाहीले गठबन्धनलाई परीक्षणमा राख्ने विश्लेषकहरूको भनाइ छ। ग्रिनल्यान्डमा हाल अमेरिकी सेनाका करिब १५० जना कर्मचारी तैनाथ छन् र स्थानीय टापुवासी तथा व्यावसायिक सङ्घहरूले ट्रम्पको प्रस्ताव अस्वीकार्य र असभ्य भएको प्रतिक्रिया दिएका छन्। ग्रिनल्यान्डका प्रधानमन्त्री जेन्स-फ्रेडरिक निल्सनले टापुको भविष्य केवल त्यहाँका ५७ हजार बासिन्दाले निर्णय गर्ने भन्दै यसमा कुनै बाह्य हस्तक्षेप स्वीकार्य नहुने स्पष्ट पार्नुभएको छ।

फ्रान्स, बेलायत, जर्मनी, इटाली, पोल्यान्ड र स्पेनसहितका युरोपेली नेताहरूले डेनमार्कसँग मिलेर 'सार्वभौमिकता, क्षेत्रीय अखण्डता र सिमानाको अलङ्घनीयता' को रक्षा गर्ने प्रतिबद्धता दोहोऱ्याएका छन्। फ्रान्सका राष्ट्रपति इमानुएल म्याक्रोन र बेलायती प्रधानमन्त्री किर स्टार्मरले ट्रम्पका दूतहरूसँग संवाद गर्दै विवाद कम गर्ने प्रयास गर्नुभएको छ। अमेरिकाभित्रै पनि डेमोक्रेट र केही रिपब्लिकन सांसदहरूले ट्रम्पको सैन्य विकल्पलाई गैरजरुरी र खतरनाक भन्दै विरोध जनाएका छन्। एरिजोनाका डेमोक्रेट सिनेटर रुबेन गालेगोले ट्रम्पलाई ग्रिनल्यान्डमा आक्रमण गर्नबाट रोक्ने प्रस्ताव पेश गर्ने वाचा गर्नुभएको छ। रिपब्लिकन नेता माइक जोनसन, जेरी मोरान र डन बेकनले समेत यस कदमलाई मूर्खतापूर्ण र नाटोको पतन निम्त्याउने चेतावनी दिनुभएको छ।

विश्लेषकहरूका अनुसार, अमेरिकी राष्ट्रपति ट्रम्पले ग्रिनल्यान्डलाई आफ्नो नियन्त्रणमा ल्याउने योजना, भेनेजुएलामा राष्ट्रपति निकोलस मदुरोको कब्जा र आर्कटिक क्षेत्रमा खनिज तथा रणनीतिक स्रोतहरूको महत्त्वले संयुक्त राज्य अमेरिका र युरोपेली देशहरूबीच कूटनीतिक तनाव र सुरक्षा सन्तुलनमा नयाँ चुनौतीहरू सिर्जना गरेको छ। यसले दुई पक्षबीच सम्बन्ध तनावपूर्ण बनाएको र सुरक्षा रणनीतिमा असुरक्षा बढाएको विश्लेषकहरूले बताएका छन्।

## ट्रम्पको घोषणा : भेनेजुएलाबाट करोडौं ब्यारेल तेल बजारमा

काराकास, २३ पुस (रासस/एपी)।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले मङ्गलबार भेनेजुएलाले संयुक्त राज्य अमेरिकालाई तीन करोडदेखि पाँच करोड ब्यारेल कच्चा तेल उपलब्ध गराउने घोषणा गर्नुभएको छ। उहाँले उक्त तेल बिक्रीबाट प्राप्त हुने आम्दानी दुवै देशका 'जनताको हितमा' प्रयोग गरिने प्रतिबद्धता व्यक्त गर्नुभएको छ। यसै सन्दर्भमा ह्वाइट हाउसले शुक्रबार अमेरिकी तेल कम्पनीका उच्च अधिकारीहरूसँग भेनेजुएलाको विषयमा छलफल गर्न बैठक आयोजना गर्ने जनाएको छ। ट्रम्प प्रशासनले भेनेजुएलाको विशाल तर समस्याग्रस्त तेल उद्योगलाई अमेरिकी लगानी र प्रविधिका लागि अझ खुला बनाउन दबाब दिइरहेको बताएको छ। यस बैठकमा एक्सन, सेभरन र कोनोकोफिलिप्सका प्रतिनिधिहरू सहभागी हुने अपेक्षा गरिएको छ।

यही दिन काराकासका अधिकारीहरूले कम्तीमा २४ जना भेनेजुएलाका सुरक्षा अधिकारीहरू रातारात मारिएको पुष्टि गरेका छन्। ती अधिकारीहरूलाई अमेरिकी पक्षले राष्ट्रपति निकोलस मदुरोलाई पक्राउ गरी संयुक्त राज्य अमेरिकामा लागुऔषधसम्बन्धी अभियोगको सामना गराउन सञ्चालन गरेको सैन्य अपरेसनका क्रममा मृत्यु भएको बताइएको छ। भेनेजुएलाकी कार्यवाहक राष्ट्रपति डेलसी रोड्रिगेजले ट्रम्पको चेतावनीप्रति कडा प्रतिक्रिया जनाउँदै आफूलाई धम्की दिनेहरूको भाग्य 'भगवानद्वारा निर्धारित हुने' बताउनुभयो। भेनेजुएलाका महान्यायाधिवक्ता तारिक विलियम साबले उक्त सैन्य कारबाहीमा दर्जनौं सुरक्षा अधिकारी र सर्वसाधारणको ज्यान गएको र यसलाई अभियोजकहरूले 'युद्ध अपराध' का रूपमा अनुसन्धान गरिरहेको जानकारी दिनुभयो। यसबीच क्युबाको सरकारले भेनेजुएलामा कार्यरत आफ्ना ३२ जना सेना र प्रहरी अधिकारीहरूको मृत्यु भएको पुष्टि गरेको छ।

पेन्टागनका अनुसार उक्त छापामा सात जना अमेरिकी सैनिक घाइते भएका थिए, जसमध्ये पाँच जना ड्युटीमा फर्किसकेका छन् भने दुई जना उपचाररत छन्। घाइतेहरूमा गोली र विस्फोटका छर्राले लागेको चोट रहेको जनाइएको छ। तेल कारोबार हाल प्रतिब्यारेल करिब ५६ डलर रहेको अवस्थामा ट्रम्पले घोषणा गर्नुभएको सम्झौताको कुल मूल्य करिब दुई अर्ब ८० करोड डलर पुग्न सक्ने अनुमान गरिएको छ। यद्यपि भेनेजुएलामा विश्वकै सबैभन्दा ठूलो प्रमाणित कच्चा तेल भण्डार भए पनि देशको दैनिक उत्पादन करिब १० लाख ब्यारेलमा सीमित छ, जुन अमेरिकी उत्पादनको तुलनामा निकै कम हो।

